**प्रस्तावहरु**

१) नदीजन्य पदार्थ उत्खनन् सम्बन्धमा ।

२) नगर उज्यालो कार्यक्रम र सौर्य ऊर्जा प्रविधि जडान सम्बन्धमा ।

३) वडा नं ६ का योजनाको नाम संशोधन सम्बन्धमा ।

४) मध्यनेपाल बहुप्राविधिक शिक्षालय सञ्चालन सम्बन्धमा ।

५) अस्पताल शिलन्यास र कोभिड-१९ अस्पताल तथा लामपाटा शहरी स्वास्थ्य केन्द्र मध्यनेपाल २ उद्घाटन सम्बन्धमा ।

६) नगरपालिकाको प्रशासकीय भवन सम्बन्धमा ।

७) औषधी खरिदको दररेट समर्थन सम्बन्धमा ।

८) दुईपिप्ले, सोतीपसल, कुन्छा, सुन्दरबजार सडक सम्बन्धमा ।

९) व्यवसाय दर्ता सम्बन्धमा ।

१०) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सम्बन्धमा ।

११) औषधी खरिद समर्थन सम्बन्धमा ।

१२) इशानेश्वर मा.वि.को कृषि भवन निर्माण सम्बन्धी प्रस्तावको समर्थन सम्बन्धमा ।

१३) सहमति सम्बन्धमा ।

१४) शिक्षण शुल्क उठाउने स्वीकृती समर्थन सम्बन्धमा ।

१५) नगर शिक्षा समिति सम्बन्धमा ।

१६) विद्यालय संचालन सम्बन्धमा ।

१७) विशेषज्ञ/विषय विज्ञ सूचीकृत सम्बन्धमा ।

१८) अ.हे.व. करारमा पदपूर्ति सम्बन्धमा ।

१९) वडा नं ७ का योजना संशोधन सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा मिति २०७७।०६।३० गते नयाँ पत्रिका दैनिकमा प्रकाशित बोलपत्र तथा शिलबन्दी दरभाउ पत्रको संयुक्त सूचना बमोजिम १० (दश) वटा विभिन्न घाटहरु मध्ये ५ (पाँच) वटा मात्र घाटमा एक/एक वटा शिलबन्दी दरभाउपत्र दर्ता भई मिति २०७७।०८।०४ गते कार्यालयका कर्मचारी तथा व्यवसायिक फर्मका प्रतिनिधिको रोहवरमा

ठेक्का खोलिएको थियो । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को ३ (क) बमोजिम तीन भन्दा कम शिलबन्दी दरभाउ पत्र पर्न आएमा पुन : कम्तीमा १५ दिनको सूचना प्रकाशन गर्नुपर्ने कानूनी व्यवस्था छ । यो ठेक्का खरिदको विषय नभई आम्दानी गर्ने विषय भएको साथै चालु आ.व.को प्रथम चौमासिक अवधि सकिएको अवस्थामा पुन : सूचना प्रकाशन गर्दा समय ढिला हुन गई ठेक्का नलाग्न सक्ने, बजारमा निर्माण सामाग्रीको अभाव तथा चोरी निकासी जस्ता समस्याहरु बढ्ने भएकोले खोलिएका दरभाउपत्रहरुको मूल्याङ्कन गर्दा सबै दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले मिति २०७७।०८।०८ को मूल्याङ्कन समितिको निर्णयानुसार तपशिलका फर्महरु सँग कबोल बमोजिमको सम्पूर्ण रकम दाखिला गरेको बैंक भौचर प्राप्त पश्चात सम्झौता गरी कार्यादेश दिने निर्णय गरियो ।

| ठेक्का नम्बर | घाटको नाम | फर्मको नाम | कबोल अंक | मु.अ.कर. १३ प्रतिशत | अग्रिम आयकर १.५ प्रतिशत | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १/०७७/७८ | मिदिम खोला ( झोलुङ्गे पुल बाट मिदिम दोभान खण्ड) | पि.एल. बिल्डर्स, पोखरा | ६५००००/- | ८४५००/- | ९७५०/- | ७४४२५०/- | |
| २/०७७/७८ | मादी नदी एकुवार रुदि दोभान खण्ड | सावित्री निर्माण सेवा पोखरा | ७०००००/- | ९१०००/- | १०५००/- | ८०१५००/- | |
| ३/०७७/७८ | मादी नदी ( रामबजार कोइलेनी खण्ड | जेनिसा एण्ड नमुना कन्स्ट्रक्सन मध्यनेपाल | ५२००००/- | ६७६००/- | ७८००/- | ५९५४००/- | |
| ४/०७७/७८ | मादी नदी ( पिस्ती दोभान खण्ड) | तिरुपती कन्स्ट्रक्सन भोर्लेटार, लमजुङ | १०,४०,०००/- | १३५२००/- | १५६००/- | ११९०८००/- | |
| ५/०७७/७८ | मादी नदी ( पराजुली बेसी लामाखेत रिहिने उपल्लो खण्ड) | जेनिसा एण्ड नमुना कन्स्ट्रक्सन मध्यनेपाल ७ रामबजार | ५२००००/- | ६७६००/- | ७८००/- | ५९५४००/- | |

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा आ.व. २०७७।७८ मा नगर उज्यालो कार्यक्रम तर्फ विनियोजित रु ३० लाख तथा सशर्त तर्फको सौर्य ऊर्जा प्राविधि जडान तर्फको रु तीन लाख सहित जम्मा रु ३३ लाखबाट नगरपालिका क्षेत्र भित्रका सडक तथा अन्य आवश्यक स्थानमा नगर प्रमुखको उपस्थितीमा गठन गरिने नगर स्तरीय समिति मार्फत सडक बत्ती जडान गर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका वडा नं ६ को वडा स्तरीय योजनाको क्रम संख्या ८३ मा रहेको बिजयवस्ती भित्री मोटर बाटो शीर्षकलाई नाम रुपान्तरण गरी तिनमुरे अकला मोटर बाटो बनाउने, क्रम संख्या ३५ मा रहेको फुटबल खेल प्रोत्साहन शीर्षकलाई अकला प्रा.वि. फर्निचर खरिद बनाउने र क्रम संख्या ७३ मा रहेको विमिरेपानी सिडी निर्माण शीर्षकलाई पिस्ती दोभान पिलर मर्मत बनाउने निर्णय गरियो । साथै मध्यनेपाल नगरपालिका स्तरीय योजनाको क्रम संख्या २३ मा रहेको भोर्लेटार धोद्रेबेसी पुरानडिही मोटरबाटोलाई नाम संशोधन गरी भोर्लेटार धोद्रेबेशी लामासोती मोटर बाटो बनाउने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा शैक्षिक सत्र २०७७।७८ बाट कार्यक्रम संचालन गर्ने गरी श्री मध्यनेपाल बहुप्राविधिक शिक्षालयलाई प्राविधिक शिक्षा तथ व्यावसायिक तालिम परिषद्बाट अनुमति प्राप्त गरेको र आ.व. २०७७।७८ मा मंगला माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा संचालनको लागि रकम विनियोजन भएकोले सो रकमबाट शैक्षिक सत्र २०७८।७९ बाट कार्यक्रम संचालनको लागि आवश्यक पूर्वाधार तयारीको लागि यस आ.व.मा श्री मंगला माध्यमिक विद्यालयसँग समन्वय गरी आवश्यक पूर्वाधार निर्माण तथा व्यवस्थापन प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा यस नगरपालिका भित्र रहेको वडा नं ३ सूर्यपाल स्थित १५ शैयाको अस्पताल शिलन्यास, वडा नं १ निवुवाटारीमा कोभिड १९ अस्पताल तथा वडा नं २ को लामपाटा शहरी स्वास्थ्य केन्द्र मिति २०७७।०८।१५ गते मध्यनेपाल नगरपालिकाका नगर प्रमुखबाट शिलन्यास तथा उद्घाटन गर्ने निर्णय गरियो । साथै अस्पताल भवन निर्माणको लागि बृहत परियोजना प्रतिवेदन (डि.पि.आर.) निर्माणको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि प्राविधिक मूल्याङ्कनबाट सारभूत रुपमा प्रभावग्राही रहेका फर्महरुलाई स्वीकृत गरि देहायका स्वीकृत फर्महरुको आर्थिक प्रस्ताव खोल्ने निर्णय गरियो ।

| स्वीकृत भएका आर्थिक फर्महरु |
|---|
| १. शिवाको कोजु जे.भि. |
| २. वि.एम/आई.एस.एन.एस जे.भि. |
| ३. आरोग्य/सुवेदी जे.भि |
| ४.नव शिर्जनसिल कन्स्ट्रक्सन |
| ५. सिम्रोन / सिद्धार्थ जे.भि |
| ६. ओम बुद्ध इन्टरनेशनल प्रा.ली. |
| ७. नयाँ बाटो /जि.एस. इन्जिनियरिङ जे.भि. |
| ८. फेवा/आई.डी.जे.भि |
| ९. ड्रयगोन/अर्विट जे.भि. |
| १०. पृथ्वी इन्जिनियर एण्ड विल्डर्स प्रा.लि. |
| ११. टक्सार/कामख्य जे.भि. |
| अस्वीकृत भएका आर्थिक फर्महरु |

| |
|---|
| १. देवचुली कन्स्ट्रक्सन पोखरा |
| २. पराजुली कन्स्ट्रक्सन भोर्लेटार |
| ३. आर.वि. कन्स्ट्रक्सन तथा हाइड्रो इनर्जी कर्न्सन |

निर्णय नं ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा आ.व. २०७७।७८ मा औषधी खरिद प्रयोजनका लागि विभिन्न फर्महरुबाट गोप्य शिलबन्दीका आधारमा प्राप्त औषधीजन्य सामाग्री तथा औषधीहरुको मूल्य दररेटका आधारमा तयार गरिएको दररेट समर्थन गर्ने निर्णय गरियो ।

निर्णय नं ८

प्रस्ताव नं ८ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका वडा नं १ देखि ४ सम्म पर्ने दुई दुईपिप्ले, सुन्दरबजार सडक स्तरोन्नती गर्न नेपाल सरकारको मातहतमा एशियाली विकास बैंकको लगानीमा RCIP ( Road Connectivity Improve Program) संस्थाबाट आयोजना कार्यान्वयन हुने सडक विस्तारमा कार्य सहजताका लागि नगरपालिकाले आवश्यक समन्वय तथा सहजीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं ९

प्रस्ताव नं ९ उपर छलफल गर्दा नगरपालिका क्षेत्र भित्र व्यवसाय दर्ता गरी संचालन हुने सबै व्यवसायहरुको दर्ता र नविकरण सम्बन्धी सम्पूर्ण कामहरु मिति २०७७।०८।१४ गतेदेखि नगर कार्यपालिकाको कार्यालयबाट हुने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं १०

प्रस्ताव नं १० उपर छलफल गर्दा आ.व. २०७७।७८ मा यस नगर क्षेत्र भित्र संचालन हुने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) का लागि सशर्त तर्फको जम्मा रु २९ लाख बजेट अनुमोदन गर्ने निर्णय गरियो । सो बजेटबाट यसै आ.व.भित्र कार्यक्रम सम्पन्न गर्न देहाय अनुसारको कार्यक्रम तथा बजेट बाँडफाँड स्वीकृत गर्ने निर्णय गरियो ।

| क्रियाकलापहरु | बजेट प्रतिशत दायरा | कार्यक्रम संचालन | कैफियत |
|---|---|---|---|
| नयाँ लघु उद्यमी सिर्जना तर्फ | | | |
| उद्यम विकासका लागि सामाजिक परिचालन | ६० हजार | स्थानीय तह आँफैले सहजकर्ता मार्फत | |
| उद्यमशिलता विकास तालिम (आफ्नो व्यवसाय सुरुवात तथा सुधार) | २ लाख | स्थानीय तह आँफैले सहजकर्ता मार्फत | |
| प्राविधिक सिप विकास तालिम | ९ लाख | सेवा प्रदायक संस्था मार्फत गर्न सक्ने | |
| प्रविधि हस्तान्तरण | ३ लाख ८० हजार | स्थानीय तह आँफैले गर्ने | |
| वित्तिय सेवामा पहुँच | ६० हजार | स्थानीय तह आँफैले सहजकर्ता मार्फत | |
| बजारीकरणमा सहयोग | ६० हजार | स्थानीय तह आँफैले सहजकर्ता मार्फत | |
| उद्यम विकास सहजकर्ता परिचालन | ४ लाख | स्थानीय तहले सेवा करार सम्झौता गरि परिचालन गर्ने | |

| लघु उद्यमीको स्तरोन्नती तर्फ | | | |
|---|---|---|---|
| उद्यमीहरुको स्तरोन्नती (पुनर्ताजकी तथा एडभान्स सिप विकास तालिम) | ४ लाख | सेवा प्रदायक संस्था मार्फत गर्न सक्ने | |
| समूहमा प्रविधि हस्तान्तरण | १ लाख ४० हजार | स्थानीय तह आँफैले गर्ने | |
| पदाधिकारी बैठक खर्च | १ लाख | स्थानीय तह आँफैले गर्ने | |
| अनुगमन मूल्याङ्कन खर्च | २ लाख | स्थानीय तह आँफैले गर्ने | |

निर्णय नं ११

प्रस्ताव नं ११ उपर छलफल गर्दा चालु आर्थिक बर्षको स्वीकृत बार्षिक बजेट तथा कार्यक्रमको नगर स्तरिय कार्यक्रममा समाबेस देहायका कार्यक्रममा विनियोजित रकममध्येबाट तत्काल अत्याबसेक केही औषधी खरिद गर्नुपर्ने भएको र सो समयमा तत्काल कार्यपालिकाको बैठक बस्ने सम्भाबना नरहेकोले औषधी खरिद गरि आगामी कार्यपालिका बैठकमा समर्थनको लागि पेश गर्ने भनि मिति २०७७।०६।२३ र २५ मा भएको नगर प्रमुख स्तरिय निर्णय अनुसार कोटेशनबाट खरिद भएको देहायअनुसारको रकम बराबरको औषधी खरिद कार्य लाई समेत समर्थन गर्ने निर्णय गरियो।

| सि.नं. | स्वीकृत कार्यक्रमको नाम | स्वीकृत रकम | औषधी खरिद भएको रकम |
|---|---|---|---|
| १ | निशुल्क औषधी खरिद | दश लाख | पाँच लाख |
| २ | ज्येष्ठ नागरिक घरदैलो कार्यक्रम | दश लाख | पाँच लाख |

निर्णय नं १२

प्रस्ताव नं १२ उपर छलफल गर्दा गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयबाट श्री ईशानेश्वर माध्यमिक विद्यालयको प्राविधिक शिक्षा तर्फको कृषि भवन निर्माणको लागि यस आ.व.मा रु ५० लाख विनियोजन भएको र सो रकम नगरपालिकाले पेश गरेको प्रस्ताव अनुमोदन गरी माग गर्ने निर्णय गरियो।

निर्णय नम्वर १३

प्रस्ताव नम्वर १३ माथि छलफल गर्दा गण्डकी प्रदेशको आर्थिक बर्ष २०७७।७८ को बार्षिक विकास कार्यक्रम अन्तर्गत यस नगरपालिकको वडा नम्बर ७ स्थित ईशानेश्वर महादेब मन्दिरमा धर्मशाला निर्माण कार्यको लागि रु. ५०,००,०००।- विनियोजन भएको र सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशबाट मिति २०७७।०७।०५ मा प्रकाशित सूचना बमोजिम उक्त कार्यक्रम कार्यान्वयनको लागि सहमति प्रदान गर्ने तथा अनुदान रकम माग गर्ने निर्णय गरियो।

निर्णय नं १४

प्रस्ताव नं १४ उपर छलफल गर्दा कोभिड १९ को कारण प्रत्यक्ष अध्ययन अध्यापन कार्य बन्द रहेको अवस्थामा बैकल्पिक माध्यमबाट विद्यार्थीहरुलाई सिकाई सहजीकरण गर्ने संस्थागत विद्यालयहरुले अनलाइन कक्षा/सिकाइ केन्द्रमा सहभागि विद्यार्थीहरुबाट मात्र शैक्षिक सत्र २०७७ मा शैक्षिक सत्र २०७६ को मासिक शिक्षण शुल्कको बढिमा ७५ प्रतिशत शुल्क सहजीकरण अवधिको लागि लिन दिईएको अनुमति समर्थन गर्ने निर्णय गरियो।

निर्णय नं १५

प्रस्ताव नं १५ उपर छलफल गर्दा नगरकार्यपालिकाको मिति २०७५ जेठ २३ गतेको वैठकबाट गठन भएको नगर शिक्षा समितिलाई शिक्षा ऐन,२०२८ को दफा ११ट को मर्म अनुसार हुने गरी देहायअनुसार पुनर्गठन गर्ने निर्णय गरियो।

क) नगर प्रमुख श्री रमेशकुमार पाण्डे –..... अध्यक्ष

ख) नगर उपप्रमुख श्री राजकुमार श्रेष्ठ ......सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत ....... सदस्य

घ) नगरपालिकाले तोकेको नगरपालिकाका सदस्यहरू मध्येको तर्फबाट

श्री.................... सदस्य

श्री............... सदस्य (महिलातर्फ)

ङ) नगरभित्रका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर प्रमुखले तोकेको व्यक्ति श्री ................ सदस्य

च) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको तर्फबाट

श्री................... सदस्य (दलिततर्फ)

श्री ...... सदस्य

श्री ...... सदस्य (महिलातर्फ)

छ) नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट नगरप्रमुखले तोकेको

श्री ........... सदस्य (सामुदायिकतर्फ)

श्री.............सदस्य (संस्थागततर्फ)

ज) अपाङ्गता भएका वा समावेशी शिक्षा वा विशेष शिक्षाको तर्फबाट नगर पालिकाले तोकेको

श्री ................. सदस्य

झ) सामाजिक विकास समितिका संयोजक ......सदस्य

ञ) शिक्षा शाखा प्रमुख ......सदस्य सचिव

निर्णय नं १६

प्रस्ताव नं १६ उपर छलफल गर्दा कोभिड-१९ को कारण विद्यालयहरूमा बन्द रहेको प्रत्यक्ष सिकाइ सहजीकरण कार्यलाई विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ तथा स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्डहरूको पालना गरी प्रत्यक्ष पठनपाठनको कार्य अगाडि वढाउन विद्यालयहरू सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं १७

प्रस्ताव नं १७ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा रिक्त दरबन्दी तथा राहत अनुदान कोटामा नियमानुसार शिक्षक तथा प्रधानाध्यापक नियुक्तिको लागि छनौट समितिमा रही कार्य गर्ने प्रयोजनार्थ आवश्यक

विशेषज्ञ/विज्ञ सूची अद्यावधिक गर्ने कार्य प्रक्रिया अगाडि वढाउन शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।साथै सो प्रयोजनका लागि आधारभूत तहको लागि रू पाँच सय र माध्यमिक तहको लागि रू एक हजार सूचीकृत दस्तुर लिने निर्णय गरियो।

निर्णय नं १८

प्रस्ताव नं १८ उपर छलफल गर्दा स्वास्थ्य चौकी नेटामा कार्यरत अ.हे.व. (चौथो) तह का श्री देव नारायण शाह रौतहट जिल्ला स्वास्थ्य कार्यालय अर्न्तगत सरुवा भई रिक्त हुन आएको पदमा कोभिड-१९ का कारण तत्काल पद पूर्ति गर्नुपर्ने भएकोले करार पदपूर्तिको लागि प्रकिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं १९

प्रस्ताव नं १९ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका वडा नं ७ को वडा स्तरीय योजनाको क्रम संख्या ४१ मा रहेको महिला उद्यमशिलता शीर्षकलाई कार्यक्रम संशोधन गरी मादी नदी वडा नं ७ मध्यनेपाल प्रवेश द्वार निर्माण गर्ने निर्णय गरियो ।